जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८९ पृष्ठः ४ | २०८२ फाल्गुन २९ शुक्रबार (Friday 13 March 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com



**आँपमा ढकमक्क मञ्जर :** सिरहाको धनगढीमाई नगरपालिका–१३, ढुङ्गानाटोलस्थित बगैंचामा आँपका रुखहरू ढकमक्क मञ्जरले भरिएका छन्। अघिल्लो वर्षको तुलनामा यस वर्ष प्रशस्त फूल लागेकाले स्थानीय किसानहरू राम्रो उत्पादनको आशामा उत्साहित देखिएका छन्।

## रौतहट प्रहरीले बन्द गर्‍यो निःशुल्क निवेदनको व्यवस्था

रौतहट, २८ फाल्गुन। जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी युनिटहरूले गरिब तथा विपन्न नागरिकका लागि निःशुल्क निवेदन लेख्ने व्यवस्था बन्द गरेको छ। तत्कालीन प्रहरी प्रमुख एसपी दिलिप घिमिरेको निर्देशनमा गरिब तथा विपन्न नागरिकलाई लक्षित गर्दै ठाडो निवेदन (उजुरी) निःशुल्क लेखिदिने व्यवस्था सुरु गरिएको थियो। सोही आधारमा जिल्लाका सबै प्रहरी कार्यालयमा पीडितलाई निःशुल्क रूपमा निवेदन लेखिदिने तथा आवश्यक फर्म उपलब्ध गराउने व्यवस्था सुरु गरिएको थियो।

गत वर्ष माघ १२ गते तत्कालीन एसपी घिमिरेको निर्देशन भएसँगै एक महिनामै जिल्लाभर ४२६ जना लाभान्वित भएका थिए। प्रहरीको तथ्याङ्क अनुसार इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा ९१, इलाका प्रहरी कार्यालय गरुडामा ५५, जिल्ला प्रहरी कार्यालय रौतहटमा २९ तथा इलाका प्रहरी कार्यालय मौलापुरमा २० जनाले निःशुल्क सेवा लिएका थिए।

कुल २३४ जनाको निवेदन प्रहरीले नै लेखिदिएको थियो भने १९२ जनाले प्रहरीले उपलब्ध गराएको ढाँचामा स्वयं निवेदन भरेका थिए। यसअघि सामान्य ठाडो निवेदन लेखिदिएबापत ३००

–बाँकी तीन पेजमा

## विवाहको नाटक गरी महिला बेच्न खोज्ने सात जना पक्राउ

**धनवीर महतो**

महोत्तरी, २८ फाल्गुन। नक्कली विवाहको नाटक गरी महिला बेचबिखन गर्न खोज्ने ७ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा नेपालतर्फका मख्य नाइके नुरी बाबा भनिने नुअलीसहित पीडितको नक्कली आमा र बहिनी बन्ने दुई महिला रहेका छन्। त्यसैगरी भारतीयहरूमा गुजरातका सदिक बाक्सु भुर्च, हसम अब्दुला पटेलिया, किसन भगवानभाइ र सुनील भगवानभाइ रहेका छन्। फागुन २५ गते जलेश्वर–३ स्थित भिट्टामोड बोर्डर हुँदै एक महिलालाई भारततर्फ लैजाँदै गरेको अवस्थामा प्रहरीले चार भारतीय नागरिकलाई पक्राउ गरेको थियो। अनुसन्धानका क्रममा ती महिलालाई विवाहको बहानामा बेच्न लागिएको खुलासा भएपछि यस कार्यमा संलग्न अन्यलाई पनि प्रहरीले पक्राउ गरेको हो।

## देशकै दोस्रो ठूलो नारायणी रंगशालाको पुनर्निर्माणको काम सुरु

**क्रान्ति शाह**

वीरगन्ज, २८ फाल्गुन। वीरगन्जमा रहेको देशकै दोस्रो ठूलो नारायणी रंगशालाको मर्मत तथा पुनर्निर्माणको काम सुरु भएको छ। जेनजी आन्दोलन अघिको कांग्रेस–एमाले गठबन्धनको सरकारले चालू आर्थिक वर्ष २०८२/८३ को बजेटमा नारायणी रंगशालाको पुनर्निर्माणका लागि ४ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो। त्यहि बजेट हाल निकासा भइ आएको र बिहीबारदेखि रंगशाला



पुनर्निर्माणको काम सुरु गरिएको पर्सा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपक कुमार कानुले जानकारी दिए। साहका अनुसार बिहीबारदेखि रंगशालाका जीर्ण प्याराफिटहरु डोजर लगाएर भत्काउन थालिएको छ। पहिलो चरणमा जीर्ण प्याराफिटहरु भत्काएर नयाँ प्याराफिट निर्माण गर्ने योजना रहेको साहले सुनाए। उनले भने,'कांग्रेसका तत्कालिन

–बाँकी दुई पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आ  नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## इन्धन व्यवस्थापनमा गम्भीर बन

नेपालमा छिसिक्क केही हुनेबित्तिकै दैनिक उपभोगका सामग्री लुकाउने र थुपार्ने होड सुरु हुन्छ। यसपटक चुनावकै बेला कृत्रिम अभाव र कालोबजारका समाचार आएका थिए। अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि बजारको अनिश्चितता झन् बढेको छ। मध्यपूर्वको इन्धन ओसारपसार गर्ने प्रमुख जलनाकामध्ये स्ट्रेट अफ हर्मुज बन्द हुँदा विश्वभर इन्धन सङ्कटको जोखिम बढेको छ। समुद्रसँग जोडिएको पाकिस्तानमै सोमवारदेखि इन्धन उपभोगमा कटौती सुरु भएको छ भने नेपालजस्तो भूपरिवेष्ठित मुलुकले यस्तो अवस्था धेरै दिन धान्न सक्ने हुँदैन।

चरम संकट आउनुअघि नै उपभोग नियन्त्रण र बजार नियमन सुरु नगर्ने हो भने अत्यावश्यक सेवासमेत प्रभावित हुन सक्छन्। अस्पताल, रक्त संकलन केन्द्र र शीतभण्डारजस्ता स्थानमा निरन्तर ऊर्जा आपूर्ति कायम राख्ने व्यवस्था बेलैमा गर्नुपर्छ। विद्युत् आपूर्ति नियमित र गुणस्तरीय भए घरेलु प्रयोजनमा बिजुलीको प्रयोग बढाएर एलपी ग्यास र पेट्रोलियम पदार्थको खपत घटाउन सकिन्छ। विद्युतीय सार्वजनिक सवारीलाई प्रोत्साहन दिए यातायात क्षेत्रमा पनि दबाब कम हुनेछ।

यस्तो अवस्थामा समाधान नेपाली समाजको संयम र सरकारको सुझबुझमै निर्भर हुन्छ। विसं २०४५ यता नेपालले २०७२ समेतगरी दुईपटक लामो नाकाबन्दी भोगिसकेको छ। उतिबेला खुला सीमाका कारण नागरिकले केही जोहो गर्न सकेका थिए। अहिले त युद्ध लम्बियो भने भारतमै संकट देखिन सक्ने सम्भावना छ। त्यसैले सरकारले अलमल नगरी इन्धन सञ्चितिको यथार्थ सार्वजनिक गर्नुपर्छ र नियन्त्रणका न्यायोचित उपाय घोषणा गर्नुपर्छ। विगतमा जस्तो 'विशिष्ट' र 'मामुली' नागरिकको विभेद दोहोरिनु हुँदैन। उपलब्ध इन्धनमा मन्त्री वा उच्च पदाधिकारीका लागि होइन एम्बुलेन्स, सुरक्षा गस्ती र सार्वजनिक यातायातलाई प्राथमिकता दिनुपर्छ।

राज्यले न्यायोचित वितरण गरेको देखेपछि सामान्य उपभोक्ता पनि इन्धन थुपार्न हिचकिचाउनेछन्। देशप्रति जिम्मेवारी बोध गर्ने हो भने अहिले सामग्री थुपार्ने होड गर्नु उचित पनि होइन। यसपटक निर्वाचनमा नेपाली जनताले आश्चर्यजनक एकता देखाएका छन्। यही एकता कायम राखी इन्धन सञ्चयको लोभ नगरून्। सरकारले पुरानो विशेष पहुँचको पक्षपाती प्रथा बदल्ने र नागरिकले संयम देखाउने हो भने सम्भावित सङ्कटको असर कम र समान हुनेछ।

# जनताको आक्रोशदेखि डिजिटल उभारसम्म

**केशव घर्तीमगर**

गत फाल्गुन २१ को निर्वाचनले पुराना भनिएका दलहरूलाई किनारामा पुऱ्यायो। नेपाली कांग्रेस अनपेक्षितरूपमा संकुचित भयो भने कम्युनिस्टहरू लगभग धराशायी भए र मधेसी दलहरू समाप्तप्रायः बने। यसविपरीत राष्ट्रिय स्वतन्त्र पार्टी 'नेपालको संविधानअनुसार कुनै पनि दलले बहुमत ल्याउन सम्भव छैन' भन्ने स्थापित जनधारणा तोड्दै प्रत्यक्षतर्फ १२५ सिट जितेर अभूतपूर्वरूपमा दुई तिहाइ करिब अर्थात् १८२ सिट हासिल गर्ने देखिएको छ।

पुराना दलहरू पछाडि पर्नुको कारण एउटामात्र छैन। तीन दशकभन्दा बढी समयदेखि राजनीतिक सिद्धान्त र व्यवहारबीचको असन्तुलन, कमजोर शासन शैली र कूटनीतिक सन्तुलनको अभाव तथा संस्थागत संरचना र प्रशासनिक क्षमतामा भएको मनपरी हस्तक्षेपले आजको अवस्था निर्माण गरेको हो। त्यसमा बढ्दो जनअसन्तुष्टि, आन्दोलनका क्रममा भएको मानवीय क्षति, त्यसपछिको सरकार गठन प्रक्रिया र निर्वाचनमुखी रणनीतिहरूले पनि निर्णायक भूमिका खेलेका छन्।

देश लामो समयसम्म शक्ति साझेदारी र पहुँचको सञ्जालबाट चलेको थियो। यसले राज्यका स्रोत केही समूहमा सीमित गरिदियो भने सामान्य नागरिकका आधारभूत आवश्यकतासमेत बेवास्ता गरिए। राजनीतिक दलहरूले जनतालाई भोट बैंकका रूपमा मात्र हेरे। गाउँटोलदेखि सिंहदरबारसम्म दलगत स्वार्थ, गुटगत प्रभाव र स्वार्थसमूहले संस्थाहरूको निष्पक्षता, कार्यक्षमता र विश्वसनीयता कमजोर बनाए। परिणामस्वरूप पुराना दलप्रति जनविश्वास क्रमशः क्षीण हुँदै गयो। अहिलेको निर्वाचन परिणाम त्यही दीर्घकालीन मोहभंगको प्रत्यक्ष अभिव्यक्ति बनेर देखा पऱ्यो।

कुशासन, अस्थिरता र अधुरा प्रतिबद्धताले पुरानामात्र होइन नयाँ र क्षेत्रीय दलहरूसमेत जनताका नजरमा रद्दी कागजजस्तै फालिन पुगे। दशकौंसम्म एउटै अनुहार, पारिवारिक पहुँच र गुटगत नियन्त्रणले नेतृत्वलाई बन्द कोठामा सीमित गरिदियो। कतिपय अवस्थामा तानाशाही प्रवृत्तिसम्म देखा पऱ्यो। यही बन्द मानसिकता र स्वार्थी संरचनाले ती नेता र नीतिलाई जनताका आँखामा अक्षम र अविश्वसनीय बनायो।

अर्कोतिर, नेपालको अर्थतन्त्र उत्पादनमुखी बन्न सकेन। निजीकरणको नाममा उद्योग र कारखानाहरू लिलामी हुँदा औद्योगिक मेरुदण्ड कमजोर बन्यो। बेरोजगारी बढ्दै गयो र लाखौं नेपाली विदेशिन बाध्य भए। उच्चमाध्यमिकदेखि विश्वविद्यालयसम्म कक्षाहरू रित्तिँदै गए। किनभने भविष्य खोज्ने विद्यार्थीहरू जापान, कोरिया, युरोप र अमेरिकालगायत विदेशतिर जान थाले। देश रेमिट्यान्समा झन् निर्भर बन्दै गयो। विदेशी ऋण बढिरहँदा पनि राजनीतिक नेतृत्व र तिनका आसेपासे झन् धनी बन्दै गए। कर्मचारीतन्त्रमा सुधारको सट्टा भ्रष्टाचार फैलियो र जनताको दुःख र सास्ती बढ्दै गयो। शिक्षा प्रणाली पनि नातावाद, पक्षपात र आर्थिक प्रभावले थिचियो। योग्यता र अनुसन्धानभन्दा सिफारिस र पहुँच प्रभावकारी हुँदा युवापुस्तामा निराशा फैलियो।

संकटका क्षणहरूमा राज्य सुस्त र प्रभावहीन देखियो तर नेताहरू अनावश्यक विदेश भ्रमण र उपचारका नाममा राज्यकोषको सुविधा लिँदै गए। यसले जनतामा असमानताको भावना अझ तीव्र बनायो। राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरण बढ्दै जाँदा पुराना दलहरूको नैतिक आधार कमजोर हुँदैगयो। गम्भीर आरोप लागेकाहरूलाई उमेदवारी, पद र संरक्षण दिइयो। छानबिन अघि बढेन र दण्डहीनता सामान्य बन्यो। सुशासन नभएपछि मतदाताहरू पुराना दलबाट विमुख हुँदै नयाँ विकल्पतर्फ मोडिन थाले।

यही पृष्ठभूमिमा राष्ट्रिय स्वतन्त्र पार्टीको उभार सम्भव भएको हो। दशकौँदेखि थिचिएको जनअसन्तुष्टि र मोहभंगले नयाँ विकल्प खोजिरहेको थियो। त्यही खालीपनमा नयाँ दलले आधुनिक सञ्चार माध्यम र डिजिटल पहुँचलाई शक्तिशाली हतियारका रूपमा प्रयोग गऱ्यो। सन्देश यति तीव्र गतिमा फैलियो कि जनउभार 'आगोमा घिउ थपेझैं' एकाएक भड्कियो। डिजिटल रणनीतिको तीव्र प्रभावले मतदाताको मनमा गहिरो छाप बसायो जसलाई पुराना दलहरूले मेट्न र भेट्न सकेनन्।

तर यस प्रक्रियामा एउटा विरोधाभास पनि देखिएको छ। एकातिर स्पष्ट वैचारिक दृष्टि, अनुभव र राष्ट्रिय नीति तथा कूटनीतिमा दक्ष मानिएका केही व्यक्तिहरू पराजित भए भने अर्कोतिर सामान्यतया जित्ने अपेक्षा नराखिएका, विवादित छविका व्यक्तिहरूसमेत विजयी बने। यसले संसद्को स्तर र भविष्यका नीतिगत बहसबारे सन्देह उब्जाएको छ।

अब रास्वपाको वास्तविक परीक्षा बल्ल सुरुभएको छ। संविधान संशोधनका लागि गठन गरिएको सुझाव कार्यदलले उठाएका विषयहरू प्रत्यक्ष निर्वाचित कार्यकारीदेखि संवैधानिक आयोगहरूको पुनर्संरचनासम्म अब गम्भीरतापूर्वक अघि बढाइनुपर्छ। त्यस्तै २०४६ पछिका सार्वजनिक पदधारीको सम्पत्ति छानबिन, संघीय मन्त्रालयलाई सीमित गर्ने र विदेशमा रहेका नेपालीलाई मताधिकार सुनिश्चित गर्नेजस्ता प्रस्तावहरू भाषणमा मात्र सीमित रहनु हुँदैन।

पार्टीको घोषणापत्रमा उल्लेखित रोजगारी सिर्जना, आर्थिक सुधार र स्पष्ट विदेश नीतिजस्ता विषयहरू पनि ठोस कार्ययोजनासहित अघि बढाउनुपर्नेछ। जनताले परिवर्तनको आशामा दिएको समर्थन अब परिणामको प्रतीक्षामा परिणत भइसकेको छ। झन्डै दुई तिहाइको शक्तिसहित आउने सरकारले संविधान संशोधन, आर्थिक सुधार र कूटनीतिक सन्तुलनजस्ता संवेदनशील विषयमा स्पष्ट र जिम्मेवार नीति लिनुपर्छ। भारत, चीन र अमेरिकासँगको सम्बन्ध सन्तुलित राख्दै आर्थिक कूटनीति, प्रशासनिक सुधार र उत्पादन वृद्धिलाई प्राथमिकतामा राख्नुपर्नेछ।

त्यसैगरी पार्टीभित्र पारदर्शिता, संस्थागत अनुशासन र उत्तरदायित्व सुनिश्चित गर्नु अनिवार्य छ। झन्डै दुई तिहाइको शक्ति पाएको भन्दै अधिनायकवादी प्रवृत्ति देखियो भने त्यो जनमतप्रतिको धोका हुनेछ। राज्यका अंगहरूबीचको शक्ति पृथकीकरण र सन्तुलन कमजोर पार्ने कुनै पनि कदम संविधानको दुरुपयोग ठहरिनेछ। नेतृत्व देशप्रति निष्ठावान, जनताप्रति उत्तरदायी र विवेकी हुनैपर्छ। जनताले दिएको विश्वास जोगाउन रास्वपाले आफ्ना वाचा व्यवहारमा उतार्नुपर्छ नत्र जनताको समर्थन जति छिटो उचालिएको हो त्यति नै छिटो खस्किन पनि सक्छ।

हामी नेपाली हौँ। हाम्रो अस्तित्व भूगोलको आकारमा मात्र होइन आत्मसम्मानको गहिराइमा बस्छ। यही आत्मसम्मानले राष्ट्रलाई टिकाइराखेको हो। त्यसैले सत्ता र शक्तिको प्रयोग पनि त्यही जिम्मेवारी, निष्ठा र चरित्रका साथ हुनुपर्छ।

बाह्रखरीबाट

# इनिसा हत्या प्रकरणको थप अनुसन्धान सीआईबीले गर्ने

**यज्ञ खत्री**

सुर्खेत, २८ फाल्गुन। बलात्कारपछि हत्या भएकी १६ वर्षीया इनिसा विक घटनाको थप अनुसन्धान केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले गर्ने भएको छ। सुर्खेत प्रहरीले बुधबार उक्त घटनाको थप अनुसन्धानका लागि सीआईबीसँग सहयोग मागेको थियो।

प्रहरी निरीक्षकको कमान्डमा ब्यूरोको विज्ञ टोली शुक्रबारसम्म वीरेन्द्रनगर आइपुगेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता एवंम डीएसपी मोनजंग बुढथापाले जानकारी दिए। 'हामीले घटनाको थप अनुसन्धानको लागि सीआईबीसँग सहयोग मागेका थियौं,' डिएसपी बुढथापाले भने, 'भोलीदेखि सीआईबीको टोलीले थप अनुसन्धान थाल्छ।'

सुर्खेत प्रहरीले पहिलो चरणको सम्पूर्ण अनुसन्धान जिल्लाबाटै सकेको डीएसपी बुढथापाले बताए। 'पहिलो चरणको अनुसन्धान हामीले जिल्लाबाटै सकाएका छौं,' उनले भने, 'घटनाको गाम्भीर्यतालाई मध्यनजर गरेर केन्द्रीय अनुसन्धान ब्यूरोको पनि सहयोग लिइएको हो।' अहिलेसम्म पोस्टमार्टम रिपोर्ट आइसकेको छ। फरेन्सिक ल्याबमा पीडित र पीडक परिवार दुवै जनाको मोबाइल लगायत विद्युतीय सामाग्रीहरू अनुसन्धानका लागि पठाएको र त्यसको रिपोर्ट आइनसकेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक सुधिरराज शाहीले जानकारी दिए।

'केन्द्रीय विधिविज्ञान प्रयोगशालामा टकसिकोजिकल, बायोसेरोलोजिकल परिक्षणका लागि पठाएका छौं। त्यो रिपोर्ट आएपछि, पोस्टमार्टम रिपोर्टसँग तुलना गरेर हत्याको अन्तिम निकर्षमा पुग्छौं,' उनले भने। जिल्ला प्रहरी कार्यालय सुर्खेतले पनि एउटा छुट्टै अनुसन्धान टिम बनाएर काम गरिरहेको प्रहरी उपरीक्षक शाहीले जानकारी दिए। जिल्लाको अनुसन्धान टिमसँग कर्णाली प्रदेश प्रहरी कार्यालय नेपालगन्जबाट पोलिग्राफ गर्ने टोलीले पनि काम गरिरहेको छ। 'पोलियाग्राफीले मानिसले झुटो बोलेको पत्ता लगाउने छ, प्रहरी मृत्युको कारण पत्ता लगाउन घटनास्थलको सम्पूर्ण प्रमाणहरू प्रयोगशालामा पठाएको छ,' उनले भने। पोस्टमार्टम रिपोर्ट, पोलियाग्राफी, कल डिटेल्स लगायत किशोर र किशोरीबीच भएका सम्पूर्ण विद्युतीय प्रमाणहरू प्रहरीले अनुसन्धान गरिरहेको प्रहरी उपरीक्षक शाहीले बताए।

प्रहरीका अनुसार हालसम्म परिवारजनले बालिकाको शव बुझेका छैनन्। पीडित परिवारले दिएको जाहेरीका आधारमा शव परीक्षणका लागि थप अनुसन्धान गर्न भेरी अस्पताल बाँकेका फरेन्सिक विशेषज्ञ डा. अर्विन शाक्यको टोलीले प्रदेश अस्पताल सुर्खेतमा पुगेर शव परीक्षण गरी त्यसको प्रतिवेदन दिएको छ।

सो प्रतिवेदनअनुसार जबरजस्ती करणी गर्दा मृतकको संवेदनशील अंग च्यातिएको र अत्यधिक रक्तस्राव हुँदा मृत्यु भएको उल्लेख छ। गुर्भाकोट–६, बडाखोली स्थायी घर भएकी इनिसाको फागुन २३ गते बिहान वीरेन्द्रनगर–४, शहीद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बलात्कार पछि हत्या भएको थियो। मृतकको सामूहिक बलात्कारपछि हत्या भएको भन्दै मृतकका आफन्तहरूले फागुन २५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएका थिए।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ। पक्राउ परेकाहरू चारै जना १८ वर्षमुनिका रहेको डिएसपी बुढथापाले जानकारी दिए। सुर्खेत प्रहरीले फागुन २३ गते दिउँसो नै एक १६ वर्षीय किशोरलाई पक्राउ गरेको थियो। थप अनुसन्धानका लागि फागुन २४ गते अरू तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको प्रहरीले जनाएको छ।

## देशकै दोस्रो ठूलो ...

कानुनमन्त्री अजय चौरसियाको अगैसरतमा तत्कालिन खेलकुदमन्त्री तेजुलाल चौधरीले बजेटमा नारायणी रंगशालाका लागि ४ करोड रुपैयाँ बजेट हाल्न लगाउनु भएको थियो। त्यो बजेट हाल निकासा भएर आएपछि आजदेख काम सुरु गरेका हौं। मर्मत सम्भारको अभावमा वर्षौंदेखि जीर्ण अवस्थामा रहेको नारायणी रंगशाला मर्मत तथा पुनर्निर्माणका लागि चार करोड रुपैयाँले मात्रै नपुग्ने भन्दै साहले भने,'अहिले प्राप्त रकमबाट नयाँ प्यारापिट बनाउने काम गर्छौं, 'बाँकी कामका लागि अपुग रकम सरकारसँग माग गर्छौं।'

प्यारापिटको काम सकिएपछि थप बजेटका लागि नेपाल सरकार र युवा तथा खेलकुद मन्त्रालयलाई फेरि गुहार्ने उनले बताए। यसका अतिरिक्त मधेस प्रदेश सरकारले पनि चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा नारायणी रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको रंगशालामा स्तरोन्नति गर्ने उल्लेख गरेकाले मधेस सरकारसँग पनि आफूहरूले थप बजेटका लागि पहल गर्ने उनले बताए।

काठमाडौंको दशरथ रंगशालापछिको दोस्रो ठूलो वीरगन्जको नारायणी रंगशाला (३५ हजार दर्शक क्षमताको) जीर्ण भइरहँदा पनि मर्मत र पुनर्निर्माणका लागि तीनै तहका सरकारले प्राथमिकतामा राखेका थिएनन्। यहाँका खेलप्रेमी र खेलाडीहरुले रंगशाला मर्मत तथा पुर्न निर्माणका लागि करिब एक दशकदेखि विभिन्न दबाबमुलक आन्दोलन पनि गर्दै आएका थिए। संघीय र प्रदेश संसद बैठकमा यस क्षेत्रका जनप्रतिनिधिले नारायणी रंगशालाको पुनर्निर्माणका लागि पटक पटक आवाजपनि उठाउँदै आएका थिए।

तत्कालीन अञ्चलाधीश लक्ष्यबहादुर गुरुङको पहलमा २०३८ सालमा १७ बिघा १० कट्ठा जग्गा फुटबल, क्रिकेट र कवर्डहल निर्माणका लागि खरिद र अधिग्रहण गरिएको थियो। २०४२ सालमा निर्माण भएको नारायणी रंगशालाको उद्घाटन तत्कालीन राजा वीरेन्द्र शाहले गरेका थिए। यो रंगशालामा करिब डेढ दशक अघिसम्म राष्ट्रिय स्तरका विभिन्न खेलकुद प्रतियोगिता आयोजना हुँदै आएको थियो। तर मर्मत सम्भारको अभावमा रंगशाला जीर्ण हुँदै गएपछि यहाँ कुनै पनि खेलकुद प्रतियोगिता हुन सकेको छैन।

# बागमतीमा मुख्यमन्त्रीसहित ८ मन्त्रालय राख्न र ७०१ दरबन्दी कटौती गर्न प्रस्ताव

## समितिले मन्त्रालय संख्या घटाएर अनावश्यक कार्यालय हटाउन र १६ अर्ब रुपैयाँभन्दा बढी वित्तीय दायित्व बचत गर्न सुझाव दिएको छ।

**नवीन तिमल्सिना**

हेटौंडा, २८ फाल्गुन। बागमती प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित ८ वटा मन्त्रालय मात्रै कायम गर्न प्रस्ताव गरिएको छ। साथै ७०१ कर्मचारी दरबन्दी कटौती गर्न पनि प्रस्ताव गरिएको छ। प्रदेश प्रशासनिक पुनर्संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले मुख्यमन्त्री कार्यालयसहित ८ वटा मन्त्रालय मात्रै आवश्यक रहेको औंल्याउँदै सरकारलाई सुझावसहितको प्रतिवेदन बुझाएको छ। प्रतिवेदनमा ७ वटा मन्त्रालयलाई विभागीय जिम्मेवारीसहितको विभाजन पनि गरिएको छ।

प्रशासनिक पुनर्संरचनाका लागि उच्चस्तरीय निर्देशक समितिको ११ कात्तिकको बैठकले नेपाल सरकारका पूर्व सचिवहरुको विज्ञ टोली गठन गरेको थियो। सरकारका पूर्वसचिव विमल वाग्ले संयोजक, रेश्मीराज पाण्डे, गोपीकृष्ण खनाल, जिवनप्रभा लामा सदस्य र प्रदेश सचिव पूर्णबहादुर दर्जी सदस्यसचिव रहने गरी विज्ञ टोली बनाएको थियो।

तीन महिनाभित्र अध्ययन प्रतिवेदन बुझाउने गरी गत मंसिर पहिलो हप्ताबाट काम थालेको विज्ञ टोलीले २७ फागुन बुधबार प्रदेश सरकारलाई प्रतिवेदन बुझाएको थियो। समिति संयोजक वाग्लेले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, उच्चस्तरीय प्रदेश प्रशासनिक पुनःसंरचना निर्देशक समिति संयोजक कृषिमन्त्री मधुसुदन पौडेललाई प्रतिवेदन हस्तान्तरण गरेका छन्।

समितिले प्रशासनिक पुनर्संरचनाका लागि आश्वयक मन्त्रालय संख्याको सुझाव, मन्त्रालय मातहतका कार्यालयको आवश्यकता निर्धारण, कर्मचारीहरुको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण ( ओएनएम)सहितको सरकारलाई प्रतिवेदनमा सुझाव दिएको संयोजक वाग्लेले जानकारी दिए।

'सबै निकायले भवन बनाइरहेका छन् त्यो एउटै निकायले गर्नुपर्छ।




प्रदेश दुग्ध विकास बोर्ड, सञ्चार रजिष्ट्रार कार्यालयको औचित्य देखिएन। यसलाई सुधार गर्नुपर्छ भनेका छौं,' वाग्लेले भने। सरकारलाई जिम्मेवार बनाउन वर्तमान संरचना विश्लेषण गरी सुधारका विषयहरु समेत प्रतिवेदनमा समेटिएको उनले बताए।

**यी हुन् प्रस्तावित ८ मन्त्रालय**

समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयसहित, आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय, कृषि पशुपन्छी, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय बनाउन सुझाव दिएको समिति स्रोतले अनलाइनखबरलाई जानकारी दियो। यस्तै, वन तथा वातावरण मन्त्रालय, सहरी तथा स्थानीय विकास मन्त्रालय र स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय कायम गर्न सुझाव दिइएको छ।

मन्त्रालय र कार्यान्वयन इकाइको बीचमा अन्य संरचना भए त्यसलाई हटाउन उपयुक्त हुने समितिको सुझाव छ। हाल बागमती सरकारमा मुख्यमन्त्री कार्यालय, आन्तरिक मामिला तथा कानुन, आर्थिक मामिला तथा योजना, कृषि तथा पशुपन्छी, खानेपानी ऊर्जा तथा सिंचाइ, भौतिक पूर्वाधार, वन तथा वातावरण, श्रम रोजगार तथा यातायात, उद्योग वाणिज्य भूमि तथा प्रशासन, संस्कृति पर्यटन, सहकारी तथा गरिबी निवारण, सामाजिक विकास, स्वास्थ्य र युवा तथा खेलकुद मन्त्रालय छन्।

**गठबन्धन दललाई भाग पुऱ्याउन मन्त्रालय विभाजन**

बागमतीमा प्रदेशसभाको पहिलो कार्यकालबाटै मन्त्रालय फुटाउने क्रम चलिरहेको छ। भदौ ०७८ मा मुख्यमन्त्री बनेकी अष्टलक्ष्मी शाक्यले सामाजिक विकास मन्त्रालय फुटाएर स्वास्थ्य मन्त्रालय बनाउँदै मन्त्रालय संख्या ८ वटा बनाएकी थिइन्। शाक्य दुई महिनामै सत्ताच्युत भएपछि ११ कात्तिक ०७८ मा नेकपा (एकीकृत समाजवादी)का राजेन्द्र पाण्डे मुख्यमन्त्री बने। पाण्डेले गठबन्धन सरकारमा भाग पुऱ्याउन १४ वटा मन्त्रालय बनाए। पाण्डेको कार्यकालमा मन्त्रिपरिषदमा १४ जना मन्त्री र ४ जना राज्यमन्त्री थिए।

निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मंसिर ०७९ मा १४ वटा मन्त्रालय ११ वटामा झारेका थिए। पटक–पटक गठबन्धन परिवर्तन हुँदा जम्कट्टेलले सत्ता टिकाउनकै लागि मन्त्रालय संख्या ११ बाट बढाएर १३ वटा बनाए। पाण्डे र जम्कट्टेललाई सरकार बनाउन साना दलसमेत जोडेर धेरै दलको समर्थनमा बहुमत पुऱ्याउनुपर्ने अवस्था थियो। सरकार बनाउन अन्य साना दलहरुको सहयोग आवश्यक नहुँदा पनि कांग्रेस र एमालेले मन्त्रालय घटाएनन्। प्रदेश सरकार स्थापनाको ८ वर्षपछि सम्पूर्ण प्रादेशिक संरचना कटौती र फेरबदल गर्न लागिएको हो।

जसका लागि ३ असोजमा बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले प्रशासनिक पुनर्संरचनाका लागि कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति गठन गर्ने निर्णय गरेको थियो। समितिमा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङ, वनमन्त्री भरत केसी, उद्योगमन्त्री विन्दु श्रेष्ठ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव कृष्णबहादुर शाही सदस्य र सदस्य सचिवमा प्रदेश सचिव हेमराज भुषाल छन्।

इन्द्र बानियाँ मुख्यमन्त्री भएपछि प्रदेश यसअघिका विभिन्न सरकारले सत्ता जोगाउने नाममा पटकपटक टुक्रा पारेर बढाइएको मन्त्रालय संख्यादेखि अनावश्यक कार्यालयहरु खारेज गर्ने तयारी सरकारले गरेको छ। साना मन्त्रालय खारेजी, जिल्लाहरुमा खोलिएका अनावश्यक कार्यालयहरु, हेटौंडामै भएका दोहोरो प्रकृतिका कार्यालय हटाइने उच्चस्तरी समितिले जनाएको छ।

**७०१ दरबन्दी कटौतीको प्रस्ताव**

अध्ययन समितिले ७०१ कर्मचारी दरबन्दी कटौती गर्न प्रस्ताव पनि गरेको छ। 'प्रदेश सरकारले प्रत्येक दरवन्दी सिर्जना गर्दा दीर्घकालीन दायित्व व्यहोर्नुपर्ने हुन्छ। सामान्यतः एउटा कर्मचारीले २५ वर्षको उमेरमा सेवा प्रवेश गरी ६० वर्षसम्म सेवारत रहेमा निजको औसत सेवा अवधि ३५ वर्ष मान्दा तह अनुसारको प्रत्येक दरबन्दी सिर्जनाबाट प्रदेश सरकारलाई सो अवधिमा ठूलो दायित्व पर्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'तसर्थ थप दरबन्दी सिर्जना गर्नुपर्दा यसका विविध पक्षलाई समेत विचार गरी न्यूनतम दरबन्दी संख्यामा सीमित रहनु उपयुक्त हुन्छ।'

तह अनुसार प्रत्येक दरबन्दी सिर्जनाबाट ३५ वर्ष सेवा अवधिमा उत्पन्न हुने वित्तीय दायित्व १६ अर्ब बढी हुने समितिले जनाएको छ। 'प्रस्तावित ७०१ दरबन्दीको कटौतीबाट २०८२ असार मसान्तको मूल्यमा देहाय अनुसार वार्षिक रुपमा ४८ करोड ५६ लाख ९ हजार २८५ रुपैयाँ र ३५ वर्षको सेवा अवधिमा जम्मा १६ अर्ब ९९ करोड ६३ लाख २४ हजार ९९६ रुपैयाँ बचत हुने देखिन्छ,' समितिले भनेको छ।

---

### रौतहट प्रहरीले ...

देखि ७०० रुपैयाँसम्म लेखनदासलाई बुझाउनुपर्ने बाध्यता थियो। प्रहरी स्वयंले निःशुल्क निवेदन लेख्न थालेपछि जिल्लाका विभिन्न थाना–चौकी आसपास सञ्चालनमा रहेका दर्जनौं लेखनदास (निवेदन लेख्ने) पसलसमेत बन्द भएका थिए। प्रहरीको यो पहलको जिल्लावासीले खुलेर प्रशंसा गरेका थिए।

तर एसपी घिमिरेको सरुवा भएको केही समयसम्म जारी रहेको उक्त व्यवस्था पछिल्ला केही महिनादेखि बन्द भएको छ। परिणामस्वरूप अहिले पुनः पीडित नागरिकले सामान्य निवेदन लेखाउनसमेत पैसा खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

---

# बढ्दो बलात्कारका घटनाले समाजलाई कलंकित बनायो, राज्य संयन्त्रले तदारुकता देखाउनुपर्छ : पूर्वराष्ट्रपति भण्डारी

काठमाडौँ, २८ फाल्गुन। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले महिलालक्षित हुने जघन्य अपराधका दोषीहरूलाई कडाभन्दा कडा कानुनी कारबाही गर्न राज्य संयन्त्रले तदारुकता देखाउनुपर्ने बताउनुभएको छ। ११६औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित एक कार्यक्रममा बोल्दै उहाँले नेपाली महिलाहरू अझै पनि सुरक्षित र सम्मानित रूपमा बाँच्न पाउने आधारभूत मानव अधिकारबाट वञ्चित हुनुपरेको भन्दै चिन्ता व्यक्त गर्नुभएको हो।

समाजमा बढ्दै गएको घरेलु हिंसा, एसिड आक्रमण, यौन दुर्व्यवहार, बलात्कार तथा हत्याजस्ता घटनाप्रति लक्षित गर्दै पूर्वराष्ट्रपति भण्डारीले यस्ता अमानवीय कार्यले सिंगो समाजलाई नै कलंकित बनाएको बताउनुभयो। अपराधीहरूले उन्मुक्ति पाउने वा कानुनी छिद्रको प्रयोग गरेर उम्कने अवस्थाको अन्त्य हुनुपर्नेमा उहाँले जोड दिनुभयो। राज्यको ध्यानाकर्षण गराउन र पीडितलाई न्याय दिलाउन नागरिक समाज र महिला अधिकारवादी संगठनहरूको भूमिका महत्त्वपूर्ण हुने उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "बलात्कार र हत्याजस्ता जघन्य अपराधमा संलग्न व्यक्तिहरूविरुद्ध हदसम्मको कानुनी कारबाही गर्न राज्यले तदारुकता देखाउनु आवश्यक छ। यसका लागि नागरिक समाज र महिला संगठनहरूले निरन्तर आवाज उठाइरहनु अपरिहार्य छ।"

विगतमा महिला अधिकारका लागि लडेका योद्धाहरूको स्मरण गर्दै उहाँले नयाँ पुस्ताले पनि न्याय, समानता र स्वतन्त्रताको पक्षमा निरन्तर खबरदारी गरिरहनुपर्ने आवश्यकता औँल्याउनुभयो। महिला सुरक्षाको प्रत्याभूतिबिना समृद्ध समाजको निर्माण असम्भव रहेको बताउँदै उहाँले न्याय प्रणालीलाई छिटो, छरितो र पीडितमैत्री बनाउन सरोकारवालाहरूको ध्यानाकर्षण गराउनुभयो।

> छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# आयोगद्वारा मातृका यादवलाई निर्वाचित भएको घोषणा

काठमाडौं, २८ फाल्गुन। निर्वाचन आयोगले धनुषा–१ मा नेकपाका मातृका यादवलाई विजयी भएको घोषणा गरेको छ। उम्मेदवारी खारेज भएका रास्वपाका उम्मेदवार किशोरी साह कमलको पक्षमा अत्यधिक मत आएपछि विवाद भएको उक्त क्षेत्रमा आयोगले दोस्रो स्थानमा रहेका यादवलाई निर्वाचित भएको घोषणा गरेको हो।



यसअघि निर्वाचन अधिकृतको कार्यालयले यादवलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरिसकेको छ। सुरुमा भने उनलाई प्रमाणपत्र उपलब्ध गराइएको थिएन। निर्वाचित भएको घोषणा नगरेपछि नेकपाले विरोध जनाएको थियो।

निर्वाचन आयोगले उम्मेदवारी खारेज भइसकेकोले किशोरी साहको मत नै वेबसाइटमा अद्यावधिक गरेको छैन। उनको मत अद्यावधिक नभएपछि यादव नै पहिलो स्थानमा आएकोले उनलाई घोषणा गरेको हो। कालो सूचीमा रहेको भेटिएपछि निर्वाचन आयोगले रास्वपाका साहको उम्मेदवार खारेज गरेको थियो। तर, उनी लगत्तै अदालत गएका थिए। उनीबारे अदालतले शुक्रबार निर्णय गर्दैछ।

यससँगै आयोगले १६५ क्षेत्रकै मतपरिणामसहित विजेता घोषणा गरिसकेको छ। समानुपातिकको मतपरिणाम पनि गणना सकिएको छ।

# कलैया उपमहानगरको लापरबाहीः विद्युत् महसुल पनि बुझाउँदैन, दिनभर बालिरहन्छ सडकबत्ती



कलैया, २८ फाल्गुन। बाराको सदरमुकाम कलैया बजार अव्यवस्थित भिडभाड, चर्को कोलाहल, सवारी साधनको अविरल हर्न, जथाभावी पार्किङ र जताततै फोहरमैलाका कारण मात्रै चर्चामा रहँदैन, यहाँ दिनभर विद्युत् पोलहरूमा सडकबत्ती बलिरहन्छन्। रातमा बाल्नुपर्ने सडकबत्तीहरू २४सै घन्टा बलिरहेको देखिन्छ। ती बत्तीहरू बिग्रिएपछि मात्र आफैँ बन्द हुन्छन्। मालपोत, जिल्ला अदालत, नापी, जिल्ला समन्वयलगायत सेवाग्राहीको अत्यधिक चाप हुने सडक क्षेत्रमा दिनभर सडकबत्ती बलिरहँदा पनि सरोकारवाला निकाय बेखबर देखिन्छन्।

बारा जिल्ला अदालतका न्यायाधीश प्रकाश अधिकारी राति बाल्नुपर्ने सडकबत्ती दिनभर बलिरहँदा सहर नै कुरुप देखिएको टिप्पणी गर्छन्। उनले ठुलो मात्रामा विद्युत् चुहावट भइरहेको र कलैया उपमहानगरले यसमा चासो नदेखाएको भन्दै सञ्चार माध्यममार्फत ध्यानाकर्षण गराइदिन अनुरोध गरे। 'अदालतअगाडिका विद्युत् पोलमा दिउँसो सधैँ यसरी बत्ती बलिरहन्छ, निभाउने स्विच पनि छैन,' न्यायाधीश अधिकारीले भने, 'यसरी राति बाल्ने सडकबत्ती दिउँसो बलिरहँदा विद्युत् चुहावट मात्रै भएको छैन, सहर पनि कुरुप देखिएको छ।' उनले उपमहानगरलाई सेन्सर बत्ती जडान गर्न सुझाव दिएका छन्।

पालिकाभित्रका २७ वडाका करिब आठ हजारभन्दा धेरै पोलमा वर्षदेखि यसरी नै दिनभर सडकबत्ती बलिरहेका छन्। बन्द गर्ने स्विच नै नराखी यी सडकबत्तीहरू वडा कार्यालयले सीधै जडान गरेका हुन्। उपमहानगरले वार्षिक करिब १२ लाख रुपैयाँ मूल्य बराबरको सडकबत्ती उपभोग गर्दै आएको छ। तर सो शुल्क विद्युत् प्राधिकरणलाई बुझाउने गरेको छैन। सडकबत्ती २४सै घन्टा बलिरहेको विषयमा वडा र उपमहानगरलाई जानकारी गराउँदा पनि कुनै सुनुवाइ नभएको स्थानीयवासीको गुनासो छ। कलैया उपमहानगर वडा नम्बर ४ का स्थानीयवासी सञ्जय साह कलवार सडकबत्ती जडान गर्ने क्रममा बत्ती बन्द गर्ने स्विच नराखिएको बताउँछन्। 'हामीले स्विच राखिदिन कति पटक वडालाई भन्यौँ तर सुनुवाइ भएन,' कलवारले भने, 'अरु पालिकामा हामीले यस्तो कतै देखेका छैनौँ तर कलैया उपमहानगरभित्र चारैतिर यस्तै छ।'

कलैया उपमहानगर वडा नम्बर ४ का वडाध्यक्ष रामेश्वरप्रसाद यादवले यसमा विद्युत् प्राधिकरणकै त्रुटि रहेको आरोप लगाए। 'हामीकहाँ बत्ती निभाउने छुट्टै लाइनको व्यवस्था छैन। यसमा प्राधिकरणले पनि ध्यान दिनुपर्छ र कलैया उपमहानगरले पनि सहयोग गर्नुपर्छ,' वडाध्यक्ष यादवले भने, 'प्राधिकरणले कलैया उपमहानगरका अरू वडामा पनि यस्तै गरेको छ।' २४सै घन्टा सडकबत्ती बलिरहँदा सार्वजनिक सम्पत्तिको दुरुपयोगसँगै ठुलो मात्रामा विद्युत् चुहावट भइरहेको छ र सरकारको राजस्वमा समेत हिनामिना भएको छ।

**उपमहानगरको विद्युत् बक्यौता २ करोड**

विद्युत् प्राधिकरण कलैया वितरण केन्द्रका अनुसार कलैया उपमहानगरले विद्युत् उपभोग गरेबापत करिब २ करोड रुपैयाँभन्दा बढी बक्यौता बुझाउन बाँकी छ। प्राधिकरण कलैया वितरण केन्द्रका सुपरभाइजर दीपेन्द्र साह सडकबत्तीको निरन्तर बिलिङ भइरहेकाले उपमहानगरलाई धेरै घाटा भइरहेको बताउँछन्। 'सडकबत्ती २४सै घन्टा बलिरहेको छ र त्यसको बिलिङ पनि भइरहेको छ। यो हिसाबले कलैया उपमहानगरलाई ठुलो घाटा भइरहेको छ,' प्राधिकरणका कर्मचारी साहले भने, 'हामीले धेरै ठाउँबाट यो गुनासो आइसकेको छ। हामीले धेरै पटक पालिकामा जानकारी गराएका छौँ, उहाँहरू गराउँछौँ भनेर प्रतिबद्धता जनाउनुहुन्छ तर गर्नुहुन्न।'

प्राधिकरण कलैया वितरण केन्द्रले उपमहानगरका धेरै ठाउँमा सडकबत्तीहरू २४सै घन्टा बलिरहेको जनाएको छ। उपमहानगरलाई दिउँसो निभ्ने र राति मात्रै बल्ने सेन्सरबत्ती जडान गर्न भनिए पनि कुनै सुनुवाइ नभएको साहको भनाइ छ। उनले सडकबत्तीका लागि छुट्टै विद्युत् लाइन लिनुपर्नेमा पालिकाको लापरबाहीका कारण यस्तो अवस्था आएको बताए। 'उहाँहरूले सडकबत्तीको महसुल बुझाउनुपर्छ तर आजसम्म बुझाउनुभएको छैन,' प्राधिकरणका सुपरभाइजर साहले भने, 'वार्षिक १२ देखि १५ लाख रुपैयाँ बराबरको सडकबत्ती खपत भइरहेको छ।'

यता, कलैया उपमहानगरमा चार वर्ष प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत रहेर गत महिना मात्रै सरुवा भएका नाथु साहले सडकबत्ती प्रयोग गरेबापत उपमहानगरले प्राधिकरणलाई विद्युत् महसुल बुझाउन नपर्ने र त्यसैले हालसम्म नबुझाएको दाबी गरेका छन्। उनले प्राधिकरणले राखेका विद्युत् पोल स्थानीय तहको क्षेत्रभित्र पर्ने भएकाले पालिकाले महसुल बुझाउन नपर्ने तर्क अघि सारेका छन्।

# जहाँ जाँचै नगरी कार्यालय सहायकले दिन्छिन् औषधि



**धनवीर महतो**

महोत्तरी, २८ फाल्गुन। रामगोपालपुर नगरपालिका-६ मा सञ्चालित प्राथमिक स्वास्थ्यकेन्द्र, विशम्भरपुरमा कार्यरत एक कार्यालय सहायकले बिरामीलाई जाँच नगरी औषधि वितरण गर्दै आएको खुलासा भएको छ। सो स्वास्थ्य केन्द्रकी कार्यालय सहायक काजलकुमारी मण्डलले उपचारका लागि आउने बिरामीलाई जाँच नगरी नै औषधि दिने गरेको पाइएको हो।

एसईई उत्तीर्ण मात्र रहेकी मण्डलले संस्थामा आउने बिरामीले भनेको आधारमा उपलब्ध औषधि दिने गरेको स्वीकार गरेकी छन्। दिनभरि प्रायः एक्लैले ड्युटी सम्हाल्दै आएकी मण्डलले भनिन्, 'यहाँ म प्रायः एक्लै ड्युटी गर्छु। दिनभरि आउने बिरामीलाई सेवा दिन्छु। कार्यालय प्रमुख सीअहेव सुरेश महतो प्रायः बाहिर बस्नुहुन्छ। यहाँ आउने बिरामीले आफ्नो समस्या बताएपछि सोही आधारमा स्वास्थ्य संस्थामा उपलब्ध औषधि दिएर पठाउने गर्छु।' उनले कहिलेकाहीँ समस्या स्पष्ट नबुझेको खण्डमामात्रै फोनमार्फत जानकारी गराउने गरेको बताइन्।

कार्यालय प्रमुख महतो उक्त संस्थाका एक मात्र स्थायी कर्मचारी हुन्। केही दिनअघिदेखि उनी सोही पालिकाको-६ को वडासचिवको जिम्मेवारीसमेत सम्हाल्दै आएका छन्। दोहोरो जिम्मेवारी पाएपछि महतो कहिलेकाहीँ मात्र स्वास्थ्य संस्थामा समय दिने गरेको स्थानीय वीरेन्द्रकुमार यादवले आरोप लगाएका छन्। वडासचिवको जिम्मेवारीसमेत सम्हालिरहेका महतो प्रायः वडा कार्यालयमै हाकिमका रूपमा काम गर्ने गरेको यादवले बताए।

यस विषयमा रामगोपालपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अच्छेलाल दासले नगरपालिकाभर निजामती कर्मचारीको अभाव रहेकाले अन्य कर्मचारीजस्तै महतोलाई पनि वडा नं. ६ को वडासचिवको रूपमा दोहोरो जिम्मेवारी दिइएको बताए। उनले भने, 'उहाँलाई जिम्मेवारी दिँदा स्वास्थ्य संस्थामा अधिकांश समय बिताउनुपर्ने कुरा पत्रमै उल्लेख गरिएको थियो। तर, त्यसको पालना नभएकाले समस्या देखिएको हो।' उक्त स्वास्थ्य संस्था नियमित सरसफाइको अभाव र फोहोरका कारण अस्तव्यस्त बन्दै गएको स्थानीयले बताएका छन्।

# सुनसरीमा २४७ केजी गाँजा बरामद, एक पक्राउ, अर्का फरार

**रत्नप्रसाद आचार्य**

सुनसरी, २८ फाल्गुन। सुनसरीका दुई छुट्टाछुट्टै स्थानबाट प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ। एकजना पक्राउ परेका छन् भने एकजना फरार रहेका छन्। बुधबार राति सुनसरीको हरिनगरा गाउँपालिका-३ स्थित भित्री सडक खण्डमा गौतमपुरबाट हरिनगरा तर्फ जाँदै गरेको प्रदेश १-०२-००४ ह ५६३९ नम्बरको सिटी सफारीलाई प्रहरी चौकी भुटाहाबाट खटिएको गस्ती टोलीले रोक्न खोज्दा चालकले सवारी नरोकी भागाएका थिए।

शंका लागेपछि इलाका प्रहरी कार्यालय हरिनगर, प्रहरी चौकी भुटाहा र अस्थायी प्रहरी चौकी गौतमपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले सवारीलाई पछ्याएको थियो। पछ्याउने क्रममा हरिनगरा-३ स्थित वडा कार्यालय नजिक सिटी सफारी छाडेर चालक फरार भएका थिए। प्रहरीले सवारीभित्र जाँच गर्दा रातो त्रिपालले छोपेर राखिएको प्लास्टिकका ८ वटा बोरामा लागूऔषध गाँजा २१७ केजी फेला परेको सुनसरीका प्रहरी प्रमुख एसपी केशव कुमार थेबेले बताए। उक्त गाँजा र सवारी नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय सुनसरीमा राखी थप अनुसन्धान भइरहेको छ भने फरार चालकको खोजी भइरहेको उनले बताए।

बुधबार नै सुनसरीको धरान उपमहानगरपालिका-१३ फुस्रेबाट पनि प्रहरीले ३० केजी गाँजा सहित एक जनालाई पक्राउ गरेको छ। कोशी प्रदेश प्रहरी कार्यालय र्क इलाका प्रहरी कार्यालय धरानबाट खटिएको संयुक्त प्रहरी टोलीले संखुवासभाको सिलिचोङ गाउँपालिका-४ बस्ने २० वर्षीय सन्दिप राईलाई चेकजाँचका क्रममा पक्राउ गरेको छ। उनको साथबाट झोलाभित्र राखिएको अवस्थामा ३० केजी गाँजा बरामद गरेको एसपी थेबेले बताए। उनलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय धरानमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

# पुल नहुँदा जोखिमपूर्ण यात्रा : बाँसको पुलमै निर्भर मर्चवारका बासिन्दा

रुपन्देही, २८ फाल्गुन। रुपन्देहीको मर्चवार क्षेत्रमा सम्मरीमाई गाउँपालिका-३ मा पर्ने भभई-भटौलिया आसपासका बासिन्दा अझै पनि जोखिमपूर्ण आवतजावत गर्न बाध्य छन्। दानव नदीमाथि पक्की पुल नहुँदा स्थानीयले काठको अस्थायी डुङ्गा र बाँसको पुलको सहारामा दैनिक यात्रा गर्नुपर्ने अवस्था छ।

लुम्बिनी सांस्कृतिक नगरपालिका-१२ का स्थानीय कोइल लोधका अनुसार नदीको यस वारि भटौलिया र पारी भई पर्छ। अहिले दुबे थुम्हवाका एक स्थानीय मल्लाहले बाँसको अस्थायी पुल बनाएर मानिसलाई नदी पार गराइरहेका छन्। 'उहाँले धेरै दुखजिलो गरेर पुल बनाउनुहुन्छ। यसले उहाँको रोजीरोटी पनि चलेको छ र हामीलाई पनि आउँजाउ गर्न सजिलो भएको छ,' उनले भने, 'तर यहाँ पक्की पुल नहुँदा जहिले पनि जोखिम हुन्छ। पुल टुट्ने डरले मानिस घाइते हुन सक्छन्, सवारी साधनको पनि क्षति हुन सक्छ।'

उनका अनुसार यो बाटो अमहवादेखि बन्जरी चोकसम्म जोडिने महत्वपूर्ण मार्ग हो। मर्चवारबाट सिधैँ कक्रहवा, लुम्बिनीहुँदै नेपाल-भारत सीमासम्म पुग्नका लागि पनि यही बाटो प्रयोग हुने भएकाले यहाँ पुल निर्माण अत्यन्त आवश्यक रहेको स्थानीयको माग छ। भईकै अर्का स्थानीय धर्मेन्द्र लोधले पुल नहुँदा वर्षायाममा समस्या झन् बढ्ने बताउँछन्।अहिले नदीमाथि बाँसको अस्थायी पुल बनाइए पनि वर्षा सुरु भएपछि त्यो पनि प्रयोग गर्न नसकिने अवस्था हुने गरेको उनको भनाइ छ।

'अहिले त अलिअलि सुविधा छ, तर वर्षा लागेपछि हामी पानीमा हेलिएर हिँड्नुपर्छ,' उनले भने, 'यदि यहाँ पक्की पुल भइदिएको भए वर्षातमा पनि सहज रुपमा आवतजावत गर्न सकिन्थ्यो। पुल नहुँदा कहिले अजमा, दुईमुहान त कहिले बर्डर हुँदै घुमेर जानुपर्छ।' स्थानीय कुमार लोधका अनुसार नदीको दुवैतर्फ बसोबास गर्ने किसानको खेतीपाती पनि नदीपारि भएकाले आवतजावत झन् कठिन बनेको छ।

'यस पारिका मानिसहरुको खेत उता छ भने उता बस्नेको खेतयता छ,' उनले भने, 'बाढी आउँदा त कोही पनि आउनजान सक्दैनन्। त्यसैले यहाँ पक्की पुल अत्यन्त आवश्यक छ।' स्थानीयको सहयोगमा नदीमाथि बाँसको अस्थायी पुल बनाउने काम एक मल्लाह परिवारले गर्दै आएको छ। पुल निर्माणका लागि उनीहरूले झण्डै एक महिना अघि नै बाँस काटेर जम्मा गर्ने र करिब १५ दिन लगाएर पुल तयार गर्ने गर्छन्।तयार भएको पुल कुर्न बासमति मल्लाह दिनभरि घाटमै बस्छिन्।

परिवारका तीन जनाले मिलेर पुल बनाएका बासमतीले दिनको कहिले १००, कहिले १५० त कहिले २०० रुपैयाँसम्म आम्दानी हुने गरेको उनी बताउँछिन्। बाटो हिँड्नेले ५, १० वा २० रुपैयाँसम्म 'मल्लाही' तिर्छन।'यही घाटको आम्दानीबाट नुन-तेल र घरखर्च चल्छ,' बासमतीले भनिन्, 'हामीसँग आफ्नै खेतीपाती छैन।यही घाट हाम्रो मुख्य आम्दानीको स्रोत हो।'

उनले स्थानीयहरुले नगदमै केही रकम दिए पनि स्थानीयको हकमा भने धान, चामल, गहुँ लगायतको जिन्सी (जिउका) लिने गरेको बताइन्। जिउकाबापत चारदेखि १० पाथीसम्म प्रति घर अन्न पाउने गरेको उनको भनाइ छ। वरपरका १०-१२ गाउँका करिब एक हजार घरधुरीका मानिस यही बाटो प्रयोग गर्ने भएकाले यहाँ पक्की पुल निर्माण गर्न स्थानीयले वर्षौंदेखि सरकारसँग माग गर्दै आएका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)